मिति : २०६६ चैत्र ३१ गते
श्रीमान सम्पादकज्यू
समाचार शाखा
राष्ट्रिय दैनिक संचार माध्यमहरु
बिषय : शहिद स्मारक लिग फुटबल समाचार सम्बन्धमा ।

अखिल नेपाल पुए' डिभिजन लीग प'ुटबल संघको आयोजनामा दशरथ रंगशालामा संचालन भैरहेको शहिद स्मारक सान मिगेल ुटबल प्रतियोगिता अन्तर्गत दोश्रो चरणको लीगको मिति २०६६ चैत्र २८ गतेका दिन सम्पन्न म्याच नं. ८ सामसुङ्ग जावलाखेल युथ क्लब र नबिल थ्रि स्टार क्लब बिचको खेलमा खेलको ४४औं मीनेटमा भएको घटनामा आवश्यक छानबिन हुंदा मिति २०६६ चैत्र २९ गते बसेको अनुशासन समिति बैठकको निर्णय अनुसार सामसुङ्ग जावलाखेल युथ क्लबका अफिशियलहरुबाट खेलको मर्यादा बिपरीत कार्य गरेको पाईएको हुंदा सामसुङ्ग जावलाखेल युथ क्लबका अफिशियलहरु मनमोहन के.सी., समीर के.सी.र साहायक प्रशिक्षक राजा राम कार्कीलाई यस प्रतियोगिताको म्याच नं. १४ सामसुङ्ग जावलाखेल युथ क्लब र एन.आर.टि बिरुद्धको खेलमा प्लेयर बक्समा बस्न नपाउने गरी निलम्बन गरीएकोछ भने अफिशियल माघव थापाले पनि घटनामा हातपात गर्न खोजिएको देखिएकोले निजलाई पनि म्याच नं. १४ सामसुङ्ग जावलाखेल युथ क्लब र एन.आर.टि. बिरुद्धको खेल र म्याच नं. २० संकटा काठमाण्डौ मल बिचको खेल गरी दुई खेलमा प्लेयर बक्समा बस्न नपाउने गरी निलम्बन गरीएको छ ।

साथै सामसुङ्ग जावलाखेल युथ क्लबका अध्यक्ष ठूलो भाई के.सी. पनि उक्त घटनामा संलग्न रहि टेक्निकल एरीयामा प्रवेश गर्दै खेलाडी तथा आफ्ना दर्शकहरुलाई उत्तेजित पार्न सहयोग गर्नुका साथै प्लेयर बक्सको मेच समेत तोडफोड गर्दै खेल भावना बिपरीत कार्य गरेको पाईएकोले क्लबका अध्यक्ष ठूलो भाई के.सी.लाई पनि आगामी एक खेल म्याच नं. १४ सामसुङ्ग जावलाखेल युथ क्लब र एन.आर.टि. बिरुद्धको खेलमा दशरथ रंगशालाको हातामा अध्यक्ष तथा सचिब बस्न तोकिएको स्थानमा प्रवेश गर्न निषेध गरीएकोछ ।

उक्त घटनामा खेलाडी चेन्जिङ्ग रुमको पंखा तोडफोड भएको र प्लेयर बक्सको समेत मेच तोडफोड भएकोमा क्लबलाई आर्थिक रु.५,०००।(पांच हजार रुपैया) जारीवाना गरीनुका साथै भबिष्यमा यस्ता क्रियाकलापहरु नदोराउन र प्लेयर बक्समा रहेका अन्य अफिशियल र बैकल्पीक खेलाडीहरु समेतबाट खेलको मर्यादा बिपरीत कार्य गर्दै हुल हुज्जत गर्न खोजेकोले क्लब समेतलाई अन्तिम चेतावनी दिएको जानकारी गराउंदछौ ।
उक्त समाचार यहांको संचार माध्यमबाट प्रकाशित एवम् प्रसारीत गरी दिनु हुन संघ हार्दिह अनुरोध गर्दछ ।

भवदीय
(ललित कृष्ण श्रेष्ठ)
उपाध्यक्ष एवम् प्रवक्ता